आज मिति २०८३/०१/२४ गतेका दिन बिहान ०८:०० बजे यस फलेवास नगरपालिकाका नगरप्रमुख श्री गंगाधर तिवारीज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा देहाय बमोजिमको उपस्थिति रहेको छ।

**उपस्थिति:**

| क्र.सं. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री गंगाधर तिवारी | |
| २ | उपप्रमुख | श्री शोभा कुमारी क्षेत्री | |
| ३ | वडाध्यक्ष | श्री चोलाकान्त पाध्या | |
| ४ | वडाध्यक्ष | श्री गंगा नारायण श्रेष्ठ | |
| ५ | वडाध्यक्ष | श्री अर्जुनबहादुर कार्की | |
| ६ | वडाध्यक्ष | श्री अच्यूत तिवारी | |
| ७ | वडाध्यक्ष | श्री नारायण प्रसाद लामिछाने | |
| ८ | वडाध्यक्ष | श्री नविन कुमार श्रेष्ठ | |
| ९ | वडाध्यक्ष | श्री केशर पन्त | |
| १० | वडाध्यक्ष | श्री मनबहादुर कुँवर | |
| ११ | वडाध्यक्ष | श्री हितमान गुरुङ | |
| १२ | वडाध्यक्ष | श्री अमरबहादुर क्षेत्री | |
| १३ | वडाध्यक्ष | श्री रुद्रबहादुर पाठक | |
| १४ | कार्यपालिका सदस्य | श्री दुर्गाकुमारी शर्मा | |
| १५ | कार्यपालिका सदस्य | श्री भगवती पौडेल | |
| १६ | कार्यपालिका सदस्य | श्री सावित्रा कुमारी शर्मा | |
| १७ | कार्यपालिका सदस्य | श्री सुनिता शर्मा | |
| १८ | कार्यपालिका सदस्य | श्री कला नेपाली | |
| १९ | कार्यपालिका सदस्य | श्री नेत्र बहादुर बि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री चन्द्र बहादुर नपाली | |
| २१ | कार्यपालिका सदस्य | श्री बाबुराम विश्वकर्मा | |
| २२ | का.वा. वडाध्यक्ष फनपा ९ | श्री दुर्गाराज सुबेदी | |
| २३ | सचिव | श्री जीवन ज्ञवाली | |

CamScanner

(आ.व. २०८२।८३ को आठौं बैठक)

**फलेवास नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, पर्वत**

२०८३/०१/२४ गतेको कार्यपालिका बैठकका निर्णयहरु

*निर्णयहरुः*

१ यसअधिका बिभिन्न कार्यपालिका बैठकहरुमा भएका निर्णय तथा उक्त निर्णयहरुको कार्यान्वयन तथा चालु आर्थिक वर्ष २०८२।०८३ को चालु अवधिसम्म भएका योजना तथा कार्यक्रम र तिनको अनुगमन प्रतिवेदनका सम्वन्धमा समिक्षा गरियो ।

२ मिति २०८२।०८।२३ मा ठेक्का सम्झौता भई निर्माणकार्य भइरहेको तर निर्माण सामाग्रिको उपलब्धता, यातायात तथा ढुवानीमा परेको समस्या, लगायत बिभिन्न प्राविधिक कारणले निर्धारित समयमा सम्पन्न हुन नसकेका तपशिलमा उल्लिखित योजनाहरुको म्याद मिति २०८३ असार १० गतेसम्म थप गर्ने ।
- श्रीकाड शिवचोक पाडराड वडा कार्यालय सडक ।
- देविस्थान महाजन डहर-नगर अस्पताल नागढुङ्गा सडक स्तरोन्नती एवं कालोपत्रे ।
- श्यामघर देविस्थान शान्तिचौरदेखि वडा कार्यालय खानीगाउँ खौला सडक स्तरोन्नती ।

३ मिति २०७८।०१।१३ मा सम्झौता भई लमायखोला लिफ्ट सिंचाई आयोजना शुरु भएकोमा हालसम्म पनि सो निर्माणकार्य सम्पन्न नभएको हुँदा सो योजनाको निर्माण व्यवसायीलाई अविलम्ब कार्यसम्पन्न गर्न आदेश दिने ।

४ फलेवास नगरपालिकामा रहेका व्याक हु लोडर र स्काभेटरद्वारा मर्मत, स्तरोन्नती तथा नयाँ निर्माण गरिएका विभिन्न वडा अन्तर्गतका तपशिलमा उल्लिखित सडक योजनाहरु सदर गर्ने ।

*तपशिलः*

**व्याक हु लोडरद्वारा मर्मत, स्तरोन्नती तथा नयाँ निर्माण गरिएका सडकहरुः**

१ सिसाठाँटी फेदी खरिबोट मोटरबाटो सफाई (फनपा २)

२ मुडिकुवा स्वास्थ्यचौकी कम्पाउण्ड सफाई तथा विद्युत पोल हटाउने कार्य (फनपा ४)

३ झकलक शिव मन्दिर पोखरी तथा आरजे खेलमैदान सफाई (फनपा ५)

४ टेलिमेडिसिन सालघारी कृषि पशु फर्म र उपल्लो खाल्टे सल्लेरी पाखा मोटरबाटो निर्माण (नयाँ ट्र्याक) (फनपा ८)

**एक्साभेटरद्वारा मर्मत, स्तरोन्नती तथा नयाँ निर्माण गरिएका सडकहरुः**

१ लिमिठाना बरडाँडा मोटरबाटो नयाँ ट्र्याक (फनपा ७)

२ पात्ला ठाडागरा मोटरबाटी नयाँ ट्र्याक (फनपा ७)

५ 'फलेवास नगर कार्यपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका २०७५' को दफा २ (ख) ३, ४, ५ र ६ को संशोधनको लागि पेश भएको ३ महले बिवरण सोहि निर्देशिकाको दफा २२ मा भएको व्यवस्था बमोजिम थपघट गर्ने ।

६ नेपालको संवैधानिक प्रावधान अनुसार हालको भूमिसुधार/मालपोत कार्यालय र नापी कार्यालयबाट सेवा प्रवाह हुँदै आएका सेवाहरु स्थानीय तहबाट प्रवाह गर्नका लागि भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको मिति २०८३।०१।१० को सूचना बमोजिम यस नगर कार्यपालिकाले पनि आवश्यक जनशक्तिको व्यवस्थापन गरी आगामी आर्थिक वर्ष २०८३।०८४ देखि यस नगरपालिकाबाट नै नापी र मालपोत सम्बन्धि सेवा प्रवाह गर्नेगरी तयारी गर्ने र सो को जानकारी भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयलाई गराउने ।

७ यस नगरपालिकाका बिभिन्न वडामा रहेका सार्वजनिक जग्गाको खोजी गरी ति जग्गामा नीजि संरचना बनेको भएमा सो को सत्यतथ्य बिवरण संकलन गरी सम्बन्धित वडाले यथाशिघ्र नगरपालिकामा लगत पेश गर्ने र नगरपालिकाले त्यसको अभिलेख राख्ने ।

CamScanner